# आयोवामा तपाईको मतदान (Voting Rights) सम्बन्धि अधिकारहरु के के हुन् ?

- १८ बर्ष या माथि उमेर र आयोवामा मतदान दर्ता भएका जो कोहीको पनि आयोवाको चुनावमा मत खसाल्ने अधिकार छ ।
- चुनावका दिन मत खसाल्नका लाति परिचय पत्रको आवश्यक नपरे ता पनि मतदाताले परिचय पत्र देखाउनु पर्ने हुन सक्छ । यदि मतदाताले चुनावकै दिन मतदान दर्ता गर्न चाहेमा सोहि केन्द्रको छेत्रमा बसोबास भएको प्रमाणित गर्नै पर्ने छ ।
- यदि कुनै मतदाताको मत दिने योग्यता माथि प्रश्न रहेमा, यसता मतदानको अस्थायी गोप्य मदान दिने अधिकार छ ।
- यदि कोहि मतदाता गलत छेत्रमा मत खसाल्न पुगेमा, उसलाई त्यस छेत्रका कर्मचारीहरुले सही छेत्रमा पठाउने छन् ।
- मतदाताहरुले स्वयं अथवा सहयोगद्धारा मत दिने अधिकार छ । मतदाताले अफ्नो सहयोगी रोज्न पाउने छन् तर उनिहरुको रोजगारदाता अथवा संघ-संगठनका कर्मचारीहरु राख्न पाईने छैन ।
- कुनै मतदाताहरुलाई अदालतद्धारा न्यायधिशले मत दिन निषेध नगरे सम्म पलक/रक्षकका साथ मत खसाल्ने अधिकार छ ।
- मतदाताहरुले चाहे प्रकारले मत खसाल्ने अधिकार छ ।
- यदि कसैले मतदाताहरुलाई मतदान दिनबाट बञ्चित गर्न प्रयास गरे मा निम्न टेलीफोन न. मा सम्पर्क गरि सहगोग लिन सक्ने अघिकार छ । १-८८८-७६७-८६८३
- मतदाताहरुको गोप्य मतदान सम्बन्धि बुझ्ने र आफ्नो निर्णय कसरी लिने भन्ने अधिकार छ ।
- लाईनमा कुरी रहेका मतदाताहरुले मतदान केन्द्र बन्द आवस्थामा पनि मत खसाल्न दिइनु पर्ने छ ।

जति धेरै असक्त र बिभिन्न सामुदायका ब्यतिहरुले मतदान दिन्छन् , त्यतिनै हाम्रो आवाज दर्बिलो हुने छ ।

तीन देखि पाँच जना अन्य आयोवामा रहेका असक्त र (अल्पसंख्यक) सामुदायहरुलाई पनि मतदान (भोट) गर्न प्रोत्साहन गरौं ।

मतदान सम्बन्धि प्रश्न अथवा मतदान अधिकारको उलघंन/आलोचना भएमा उजुरी गर्नका लागि निम्न टेलिफोन न: मा सम्पर्क राख्नु होला ।

आयोवा राज्य सचिवालय (८८८)७६७.८६८३ अथवा www.sos.iowa.gov

अन्य थप जानकारीका लागि कृपया निम्न संस्थाहरुमा सम्पर्क राख्नु होला

idaction
We're counting on you

आयोवा डिस्एबिलिटी भोट कोवलिशन
www.idaction.org/vote
(८६६)४३२.२८४६
contactus@idaction.org

आयोवा मानब अधिकार बिभाग
अफिस अफ एसियन र प्यासिफिक आइल्यान्डर एफेयरस्
(५१५)२८१-४२१९

आयोवाबासी अपाङ्ग सक्रियता *(ID Action)* एउटा गैर दलीय राज्य ब्यपि नागरिक र राजनैतिक सहभागिता ब्यापक रुपमा आर्जन गर्न समर्पित अपाङ्ग मानिसहरु मध्येको एक अभियान हो ।

आयोवाबासी अपाङ्ग सक्रियता *(ID Action)* को उदारकारी योगदानद्धारा यो सामग्रीको अनुबादन कार्य सामर्थ्य बनाएको छ ।



# मतदान (भोट)



# आयोवामा कस्ले मतदान दिन सक्छ ?



दर्ता भएका मतदाताहरुले मात्र भोट गर्न सक्छन् ।
तपाईले भोट दर्ता गर्न सक्नु हुनेछ यदि:

१. तपाई संयुक्त राज्य अमेरिकाको नागरिक हुनुहुन्छ ।
२. तपाई आयोवाको बासिन्दा हुनुहुन्छ ।
३. तपाई कम्तिमा १७ १/२ बर्षको हुनुहुन्छ (तपाई भोट गर्न १८ बर्षको हुनु पर्ने छ ।)
४.कुनै अपराधको दोषी भएका कारण तपाईको भोट गर्ने अधिकार खोसिएको छैन भने ।
५.'मानसिक असक्षमताका कारण भोट गर्न नमिल्ने' भनि तपाईको भोट गर्ने अधिकार खोसिएको छैन भने । (अदालत बाट नियुक्त अविभावक भएका खण्डमा भोट गर्ने अधिकार स्वत खोसिने छैन ।)

# मतदान दिनका लागि मैले दर्ता कसरी गर्ने ?

आयोवामा मतदान दर्ता धेरै प्रकारले गर्न सकिन्छ:

## हुलाक अथवा अनलाईन बाट दर्ता ।

दर्ता गर्नलाई तपाईले मतदाता दर्ता आबेदन फारम (voter registration) भरेर तपाईको काउन्टी अडिटर (county auditor) लाई पठाउनु पर्दछ अथवा अनलाईन आबेदन गर्नं पर्ने छ । निम्न स्थान बाट तपाईले मतदाता दर्ता आबेदन फारम पाउन सक्नु हुनेछ ।

१. तपाईको काउन्टी अडिटर (county auditor) को कार्यलयबाट, प्राय तपाईको काउन्टीको अदालतमा रहेको हुन्छ ।
२. आयोवा राज्यको सचिबालय (www.sos.iowa.gov) । तपाईलाई दुई बिकल्प छन्, कि त फारम प्रिन्ट गरेर हुलाक मार्फत पेपर फारम पठाउने अर्थात तपाईले अन्लाईन भर्ने ।
३. आयोवा सवारी चालक अनुमती पत्र केन्द्रहरु ।
४. सार्बजनिक सहयोगी संस्थाहरु जस्तै स्थानीय DHS कार्यलयहरुमा र आयोवा मानव अधिकार बिभाग ।
५. राज्यका कार्यलयहरु जहाँ अपाङ्ग भएका मानिसहरुको सेवा गरिन्छ ।

याद राख्नुहोला, यदि तपाई बसाँई सर्नं भयो भने मतदान दिन योग्य हुनका लागि फेरि नया मतदाता दर्ता फारम भर्नं पर्नेछ ।

## चुनाबको दिन दर्ता ।

आयोवाका बासिनदाहरुले अहिले मतदानका दिन् मतदान् केन्द्र मै दर्ता गर्न सक्नेछन् । त्यसो गर्न चहाने मतदाताहरुले आफ्नो परिचय पत्र र ठेगानाको प्रमाण उपलब्ध गराउनु पर्नेछ । एउटा मान्य आयोवाको चालक अनुमती पत्र अथवा गैर-चालक परिचय पत्र मतदाताको अहिलेको ठेगाना सहितको परिचय पत्र अति उत्तम हुनेछ । अरु मान्य फोटो सहितको परिचय पत्र जुन मतदानको दिन् दर्ता गर्न मान्य हुन्छन् तल दिएका छन् । परिचय पत्रको म्यद समाप्त हुने मिति लेखिएको हुनुपर्नेछ र म्याद समाप्त भएको हुनु हुदैन ।

- आयोवाको चालक अनुमती पत्र
- आयोवाको गैर-चालक परिचय पत्र
- अमेरिकी पासपोर्ट
- अमेरिकी सैनिक परिचय पत्र
- रोजगार दाताबाट प्राप्त परिचय पत्र
- आयोवाका बिद्यार्थी परिचय पत्र
- अन्य राज्यको चालक अनुमती पत्र
- अन्य राज्यको गैर-चालक परिचय पत्र

यदि मतदानका दिन दर्ता गर्दा मतदाताको फोटो परिचय पत्रमा हालको ठेगाना छैन भने, मतदाताको ठेगानाको प्रमाण देखाउनु पर्नेछ । निम्न दस्ताबेजबाट कुनै एक, जसमा मतदाताको नाम र ठेगाना उल्लेख भएको छ, त्यो देखाँउदा हुन्छ ।

- आवसीय ठेका-पट्टा
- सम्पत्ति कर बिवरण
- बिजुली-पानीको बिल
- बैंकको बिवरण
- तलबको चेक
- सरकारी चेक
- अन्य सरकारी कागजात

यदि मतदाताको परिचय र आवासको प्रमाण गर्ने कागजात छैन भने, त्यहि क्षेत्रमा दर्ता भएको अर्को मदाताले परिचय र आवासको पुष्टि गर्न सक्नु हुनेछ ।

# मैले चुनाबको दिन कहाँ गएर मतदान दिने भनेर कसरी थाहा पाउने ?

जब तपाईले मतदान गर्न दर्ता गर्नहुनेछ, तपाईले "भोटर रेजिष्ट्रेसन कार्ड" पाउनु हुनेछ । उक्त कार्डमा तपाईको मतदान केन्द्रको नाम र ठेगाना (जुन मतदान केन्द्रमा तपाई जानुहुनेछ) सबै लेखिएको हुन्छ ।
तपाईले तपाईको काउन्टी अडिटर (county auditor) लाई फोन गरेर अथवा आयोवा राज्यको सचिबालयको वेबसाईट (www.sos.iowa.gov) मा गएर पनि तपाईको मतदान केन्द्र पत्ता लगाउन सक्नु हुनेछ ।

# मैले मतदान (भोट) कसरी गर्ने ?

१. निर्वाचनको दिन: निर्वाचनको दिन: तपाईले आफ्नो मतदान केन्द्रमा बिहानको ७:०० बजे देखि बेलुकी ९:०० सम्म ब्यत्तिगत रुपमा निर्वाचनको दिन प्राथामिक र सार्वजानिकका लागि मत खसाल्न सक्नु हुनेछ । मतदान केन्द्र विषेशत अन्य निर्वाचनको लागि बिहानको ७:०० बजे देखि बेलुकी ९:०० सम्म खुला रहनेछन् तर केहि स्थानीय निर्वाचनको लागि सम्भावत परिवर्तन हुन सक्ने भएकाले स्थान तर्फ प्रस्थान गर्नं अघि निधो गर्नं होला । तपाईले यस समयको निधो गर्नका लागि आयोवा राज्यको सचिबको वेब साइट (www.sos.iowa.gov) हेर्नं होला ।

२.अनुपस्थिति मतदान (Absentee Voting): तपाईले निर्वाचन भन्दा अगावै अनुपस्थिति गोप्य मतदानद्वारा (Absentee Ballot) आफ्नो मत दिन सक्नु हुनेछ । निर्वाचनका दिन मतदान केन्द्रमा जान नसक्ने मतदाताहरुका लागि अनुपस्थिति मतदान द्वारा सहज तरिकाले मतदान दिने ब्यवस्था छ । अनुपस्थिति गोप्य मतदानद्वारा (Absentee Ballot) मतदान दिनका लागि तपाईले अनुपस्थिति गोप्य मतदानको लागि तपाईको काउन्टी लेखापरिक्षक (county auditor) संग संपर्क गरि अनुरोध गर्नु पर्दछ । अथवा www.sos.iowa.gov/elections/electioninfo/absenteeinfo.html मा दिए मुताबिक निर्देसन पालना गर्नं होला । तपाईको निबेदन काउन्टी अडिटरको कार्यलयमा निर्वाचन भन्दा अघिल्लो शुक्रबारको बेलुका ५ बजे भन्दा अगाडी नै प्राप्त भई सकेको हुनु पर्ने छ । तपाईलाई काउन्टी अडिटरले अनुपस्थिति गोप्य मतदान पत्र (Absentee Ballot) निर्देसन सहित पठाई दिनु हुने छ ।

३. सबेर मतदान (Early Voting): प्रत्येक काउन्टी अडिटर (county auditor) ले चुनाव अगावै सबेर मतदान प्रदान गर्नं हुन्छ । यसरी मतदान (vote) दिनका लागि तपाईले कार्यलय समय भित्रै काउन्टी अडिटर (county auditor) को कार्यलयमा जानु पर्दछ । काउन्टी अडिटर (county auditor) को कार्यलय प्रथामिक र साधारण चुनावका लागि, चुनाव भन्दा अघिल्ला दुई शनिबार पनि खुल्ला रहने छन् ।

४. उपग्रह मतदान (Satellite Voting): अधिकांश काउन्टी अडिटर (county auditor) हरुले अन्य प्रकारको मतदान केन्द्रको ब्यवस्था गर्छन् जसलाई उपग्रह मतदान भनिन्छ, जुन चंहि चुनावको दिन भन्दा अगावै सार्बजानिक स्थानहरु जस्तै पुस्तकालयहरुमा गरिन्छ । तपाईलाई उपयुक्त हुने उपग्रह मतदान (Satellite Voting) केन्द्र पत्ता लगाउन आफ्नो काउन्टी लेखा परिक्षक (county auditor's office) को कार्यलयमा सम्पर्क गर्नं होला ।